नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: न्यून गुणस्तरको प्र.भटमासको तेल उत्पादन/विक्री वितरण सम्बन्धी ।**

**मि.नं.-८२ दायर मितिः- २०८१/०५/१६**

**फैसला मितिः- २०८१/०५/१८**

**वादी**

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, नुवाकोटका खा.नि. नबराज श्रेष्ठको प्रतिवेदनले नेपाल सरकार...१**

**प्रतिवादी**

**पर्सा जिल्ला वीरगंज म.न.पा. २१ मा सुशील वनस्पति प्रा.लि.का अनुज्ञापनत्र प्राप्त व्यक्ति तथा कामकारवाही जिम्मा लिने व्यक्ति श्री सुरज कुमार मानन्धर....१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. बजार निरीक्षणको क्रममा खाद्य पदार्थ संकेत BN-71 राखी भटमासको तेलको नमूना संकलन अनुसूची २ भरेको मुचुल्का
२. जिल्ला प्रशासन कार्यालय, धादिङ समेतमा पठाईएको विश्लेषण परीक्षण नमुना अनुसूची ४ ।
३. सा.वि. ज्यूबाट गुणस्तर मापदण्ड भित्र नपरेको भनी कैफियत उल्लेख भएको
४. अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान साविती बयान ।
५. मुद्दा चल्ले वा नचल्ने निर्णयको लागि जि.स.व.का., पर्सामा पेश हुँदा मुद्दा चल्ने भनि मिति २०८१/०५/१३ को निर्णय।
६. खा.प्र.तथा गु.नि.डि.का., पर्साको अभियोग पत्र ।
७. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा खाद्य प्रबिधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय नुवाकोटबाट खटिएका खाद्य निरीक्षण अधिकारी नबराज श्रेष्ठ वजार अनुगमन/निरिक्षण तथा नमुना संकलन गर्ने शिलशिलामा धादिंग जिल्ला, निलकन्ठ न.पा.-०३ अवस्थित न्यु सबि सप्लायर्सबाट पर्सा जिल्ला, बीरगंज म.न.पा.-२१ मा अवस्थित सुशील बनस्पति प्रा. लि. उद्योगबाट उत्पादित राजहंस ब्रान्डको प्र. भटमासको तेल ५०० एम. एल. को पोका २ थान नमुना मिति २०८०।२।०२ मा नमुना क्रम संख्या BN-७१ राखि नमुना लिई अनुसूचि-२ भरी एक प्रति नमुना खाद्य निरिक्षकले मिति २०८०।२।०२ मा विश्लेषण परिक्षणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग काठमाडौंमा र अर्को नमुना मिति २०८०।२।०२ मा जिल्ला प्रशासन कार्यालय धादिंगमा अनुसूचि-४ साथ पठाएकोमा श्रीमान् सा. वि. ज्यूबाट मिति २०८०।०३।१० को प्राप्त विश्लेषण प्रतिवेदनमा प्राप्त नमुना नेपाल सरकारले प्र. भटमासको तेलको लागि तोकेको अनिवार्य गुणस्तर वमोजिम नपाइएको भनि कैफियत उल्लेख भएको अनुसूचि-५ प्राप्त भयो भन्ने विश्लेषण प्रतिवेदन, प्रतिवादीले अधिकारी प्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको साविति बयान तथा यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान एवम् सोही प्रकृतीको मुद्दामा मिति २०७८/०८/२८ गते लिएको नमूनामा अनुसूची ५ अनुसार एसिड भ्यालु तोकिएको मापदण्ड भन्दा वढी भएको भनि कैफियत देखिएको समेतको आधारमा यी प्रतिवादीले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४०(च) वमोजिम कसुर गरेको ठहर्छ ।सो ठहर्नाले प्रतिवादी सुरज कुमार मानन्धरलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४२(१) (घ) वमोजिम रु.१००,०००/- अक्षरेपी एक लाख मात्र जरिवाना हुने ठहर्छ । अन्यमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

**तपसिल खण्ड**

१. माथि खण्डमा लेखिए बमोजिम खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४०(च) वमोजिम कसुरमा सोही ऐनको दफा ४२(१) (घ) बमोजिम प्रतिवादी सुरज कुमार मानन्धरलाई ठहरेको जरिवाना रकम रु.१००,०००/- असूल उपर गर्नु-----------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, पर्सा र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, पर्सालाई दिनु --१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ भाद्र महिना १८ गते मंगलवार रोज ३/ ने.सं. ११४४ गुंलागा आमै, शुभम् ........